# सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कटारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश

२०८२

# सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

(कार्यपालिकाद्वारा स्वीकृत मितिः २०८२/१२/१०)

प्रस्तावना

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरवार विहीन भएका घरपरिवारले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि र गरिबीको रेखामुनि रहेका, पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कटारी नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि कटारी नगरपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "नगरपालिका" भन्नाले कटारी नगरपालिकालाई सम्झनुपर्छ।

(ख) "छनौट तथा कार्यान्वयन समिति" भन्नाले दफा १० को उपदफा (क) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ग) "सुरक्षित नागरिक आवास" भन्नाले आगलागि तथा हावापानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ, ईंटा, ढुङ्गा, ब्लक, पराल, खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ।

(घ) "लाभग्राही" भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राही (घरधनी) लाई सम्झनु पर्छ।

(ङ) "लक्षित वर्ग" भन्नाले पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घरपरिवार र प्रकोपका कारण घरवार विहीन भएका परिवार सम्झनु पर्छ।

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

## परिच्छेद २

## लक्षित वर्ग घर परिवार पहिचान र कार्यक्रम सञ्चालन स्थान

३. कार्यक्रम सञ्चालन स्थानः

(क) सुरक्षित नागरिक आवासका लागि अनुदान कार्यक्रम कटारी नगरपालिकाको १४ वटै वडाहरूमा सञ्चालन गर्न सकिनेछ।

(ख) कार्यक्रम सञ्चालन स्थान पहिचान गर्दा सम्भव भएसम्म विपन्न परिवारको एकीकृत आवास निर्माणमा जोड दिइनेछ।

(ग) यथास्थानमा पुनःनिर्माण गरिने सुरक्षित नागरिक आवासलाई प्राथमिकता दिने गरी निर्माण गरिनेछ।

४. सुरक्षित नागरिक आवास अनुदान प्राप्त गर्नका लागि देहाए बमोजिमका कागजात पेश गर्नुपर्ने छः

क. नेपाली नागरिकताको प्रतिलिपि ।

ख. विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएका प्रमाण ।

ग. जग्गाधनी प्रमाणपुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफू स्थायी रुपमा सो स्थानमा बसोबास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्बन्धित वडाको सिफारिस ।

५. लाभग्राहीको छनौट प्रक्रियाः

(क) सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका सेवाग्राहीबाट अनुसूची-३ बमोजिम ढाँचामा वडामा आवेदन दिन सक्ने गरी नगरपालिका/वडा कार्यालयबाट १० दिनको सार्वजनिक सूचना जारी गरिनेछ। यसभन्दा अगाडि खरको छाना भएको लक्षित परिवार पहिचन भई स्वीकृत भएर आएकाहरुलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरू मध्येबाट लाभग्राही छनौट गर्नका लागि सम्बन्धित वडा समितिबाट अनुसूची-१ मा भएका सूचकहरूको आधारमा अङ्क प्रदान गरिनेछ।

(ग) उपदफा (ख) बमोजिमका सूचकहरूबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने घरपरिवार पहिलो प्राथमिकतामा पर्ने गरी क्रमशः उच्च अङ्क प्राप्त सूचीको आधारमा विपन्न घरपरिवारको छनौट गरी वडा समितिले नगरपालिकामा सिफारिस गर्नुपर्ने छ।

(घ) उपदफा (ग) बमोजिम खरको छाना भएको लक्षित परिवार सिफारिस भई आएपछि सोको आधारमा अन्तिम लाभग्राहीहरूको यकिन गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्य दफा १० बमोजिमको समितिले गर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

(ङ) लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, दलित, विपन्न, अनाथ बालबालिका, जंगली जनावरबाट निरन्तर पीडित भई रहने तथा अपाङ्गता भएका घरपरिवारलाई विशेष प्राथमिकता दिइनेछ।

(च) सगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्ने छन्।

(छ) एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरो सुविधा दिइने छैन। तर सरकारी कोष बाहेक अन्य संघसंस्था वा निकायबाट दिइने सहयोग वा समपूरक कोषका लागि बाधा पुगेको मानिने छैन।

## परिच्छेद ३

## सम्झौता निर्माण तथा रकम निकासा

६. सम्झौताः

(क) दफा ५ बमोजिम सुरक्षित नागरिक आवासका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागीहरूसँग अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(ख) सम्झौता गर्ने/गराउने जिम्मेवारी नगरपालिकाको कार्यालयको योजना शाखा एवं सम्बन्धित वडा कार्यालयको हुनेछ।

७. निर्माण कार्य र लागत सहभागिताः

(क) लाभग्राही र नगरपालिकाबीच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराइएको डिजाइन, इस्टिमेट बमोजिमको ढाँचामा जस्ता पाताले छाएको घर निर्माण गर्नुपर्नेछ।

(ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप सेवाग्राही स्वयंले लागत सहभागिता गर्नुपर्नेछ।

(ग) उपदाफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निर्माण गर्नुपर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

(घ) उपदफा (क) बमोजिमको निर्माणका लागि प्राविधिक सहयोग कटारी नगरपालिकाबाट उपलब्ध गराइनेछ।

८. अन्य निकायले सहयोग गर्नेः

(क) सुरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा (प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ।

(ख) सुरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघसंस्था र दातृ निकायसँग समन्वय र सहकार्य गरिनेछ।

(ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरूसँग कार्यक्रम सञ्चालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य सञ्चालनका लागि सहयोग लिन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

९. रकम निकासाः

(क) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ।

(ख) नगरपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा बैंक मार्फत एक/दुई किस्तामा रकम उपलब्ध गराउनेछ।

(ग) जस्तापाता, काठ आदि सामंग्रीहरू आपूर्तिकर्ता/व्यवसायीहरूसँग खरिद गरी सोको जानकारी नगरपालिकालाई लिखित जानकारी नगराएसम्म भुक्तानी कार्य सहज गर्ने प्रयोजनका लागि नगरपालिकाले लाभग्राहीको बैंक खाता रोक्का गर्न सक्नेछ।

(घ) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु. ७५ हजार सम्म हुनेछ।

(ङ) कुनै लाभग्राहीले विशेष कारणवस निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण कार्यको मूल्याङ्कन गरी उचित ठहरे बमोजिमको रकम मात्र प्रदान गरिनेछ।

## परिच्छेद ४

## समिति सम्बन्धी व्यवस्था

१०. नगरस्तरीय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिः

(क) कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय, व्यवस्थापन अनुगमन, मूल्याङ्कन गर्नका लागि देहाए बमोजिमको एक सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति रहनेछः

१) नगर प्रमुख - संयोजक

२) नगर उपप्रमुख -सदस्य

३) कार्यपालिका सदस्यहरूमध्ये संयोजकले तोकेको महिला तथा दलित सदस्य १ जना —सदस्य

४) इन्जिनियर -सदस्य

५) सम्बन्धित शाखाको प्रमुख -सदस्य सचिव

(ख) नगरस्तरीय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछः

क. कार्यक्रम सञ्चालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास सङ्ख्या निर्धारण गर्ने ।

ख. विपन्न आवास प्राप्त गर्न लाभग्राही छनौटका लागि सूचना आह्वान गर्ने ।

ग. प्राप्त दरखास्तहरूबाट दफा ४ बमोजिम छानबिन गरी लक्षित घरधनीको सिफारिस गर्न वडालाई निर्देशन गर्ने ।

घ. वडा तहबाट सिफारिस भई आएका लाभग्राही परिवारको अन्तिम टुङ्गो लगाउने ।

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

ङ. कार्यक्रम सञ्चालनको क्रममा कुनै बाधा अवरोध आइपरेमा बाधा फुकाउन सहजीकरण गर्ने ।

च. कुनै कारणवस निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

छ. सुरक्षित नागरिक् आवास निर्माण कार्य र भौतिक पूर्वाधारका लागि सम्बन्धित निकायहरूसँग समन्वय, सहकार्य र योजना माग गर्ने।

ज. सम्बन्धित शाखा एवं सम्बन्धित वडा कार्यालय मार्फत लाभग्राही परिवारको सम्झौता गर्न/गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

झ. आवश्यकता अनुसार अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने ।

(ग) <u>बैठक र सुविधा सम्बन्धी व्यवस्था:</u>

क. सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

ख. बैठकमा आवश्यकता अनुसार विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ।

ग. सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिका पदाधिकारीहरूको बैठक तथा अनुगमन खर्च कार्यपालिका बैठक सरह हुनेछ।

## परिच्छेद ५
## <u>विविध</u>

११. <u>बेचबिखन गर्न नपाउने:</u>
लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले पाँच वर्षसम्म उक्त आवास बेचबिखन गर्न पाउने छैन।

१२. <u>कारबाही हुने :</u>
सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभन्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाँकी सरह असुल उपर गरी प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१३. <u>बचाउ:</u>
(क) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।
(ख) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै दुविधा उत्पन्न भएमा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ संशोधन सहितलाई मूल आधार मानिनेछ।
(ग) यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार नगर कार्यपालिकामा रहनेछ।

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

अनुसूची १

दफा ५ ख सँग सम्बन्धित

<u>लाभग्राहीको छनोटका आधारहरू</u>

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेका घरको क्षेत्रफल प्रति व्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखि ६० सम्म -५<br>६० भन्दा बढी -० | |
| २ | घरको गारो | बाँस वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईँटामा माटोको जोर्नी -५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेको ईँटामा सिमेन्टको जोर्नी -० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | खर, पराल, फुस, आसवेटस, स्याउला, प्लास्टिक सिट आदि -१०<br>खपडा, टायल -५<br>ढलान, कर्कटपाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ४ | जग्गाको स्वामित्व | लालपुर्जा भएको वा गाउँ ब्लक (स्वामित्व पाउन सकिने) वा सम्बन्धित वडाको सिफारिस (स्ववाशी र विवाद रहित -१०<br>नदी/ताल किनारमा बसोबास गरेको -० | |
| ५ | घरमुलीको हकमा | अति विपन्न, असहाय, अशक्त, जेष्ठ नागरिक, अनाथ बालबालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएको -१०<br>अन्य -० | |

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

अनुसूची २

दफा ६ (क) सँग सम्बन्धित

**कटारी नगरपालिका र सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राही बीच अनुदान उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्र ।**

१. कार्यक्रम स्थल : जिल्लाः उदयपुर नगरपालिकाः कटारी वडा नम्बरः ......गाउँ /टोल /बस्ती.......

२. उद्देश्यः आवास निर्माण ।

३. कुल लागतः रु. ...........

न.पा./ सरकारी अनुदानः रु. .............. लाभग्राहीको सहभागिताः रु. ............

४. प्रस्तावित निर्माण कार्य अवधिः

क) सुरु हुने मितिः २०....../......./......

ख) पुरा हुने मितिः २०....../......./......

५. **निर्माण कार्य सम्बन्धी सेवा र शर्तहरूः**

क. लाभग्राही र नगरपालिकाबीच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराइएको डिजाइन, इस्टिमेट बमोजिमको ढाँचामा छाना निर्माण गर्नुपर्नेछ।

ख. उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राही स्वयंले लागत सहभागिता गर्नु पर्नेछ।

ग. उपदफा (क) बमोजिम निर्माणका लागि प्राविधिक सहयोग कटारी नगरपालिकाबाट उपलब्ध हुनेछ ।

घ. सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ।

ङ. नगरपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताका आधारमा जस्ता पाताले छाना छाउनको लागि काठको काम गर्नको लागि ५०% र जस्ता छाउने कार्य सम्पन्न भएपछि बाँकी ५०% रकम बैंक मार्फत दुई किस्तामा उपलब्ध गराउनेछ। कार्यालयले आवश्यक ठानेमा काम सम्पन्न भए पश्चात भौतिक प्रगतिको आधारमा १००% रकम एक किस्तामा भुक्तानी गर्नेछ ।

च. जस्तापाता, काठ आदि सामग्रीहरू आपूर्तिकर्ता/व्यवसायीहरूसँग खरिद गरी सोको जानकारी नगरपालिकालाई लिखित रुपमा नगराएसम्म भुक्तानी कार्य सहज गर्ने प्रयोजनका लागि नगरपालिकाले लाभग्राहीको बैंक खाता रोक्का गर्न सक्नेछ।

छ. सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) स्वीकृत ल.ई. बमोजिम बढीमा रु. ७५ हजारसम्म हुनेछ।

ज. यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरूको हकमा नगर कार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ ।

६. **सम्झौताका पक्षहरूः**

| कार्यालयको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| नामथरः .......................... | लाभग्राहीको नामथरः .................. |
| पदः.................. | ठेगानाः.................. |
| दस्तखतः | दस्तखतः |
| मितिः २०...../......../...... | मितिः २०...../......../...... |
| **साक्षीः** (१) | **साक्षीः** (१) |
| श्री ............................... पदः................ | श्री ................................ ठेगानाः ................ |
| दस्तखतः ............ | दस्तखतः .......... |
| प्रमुख प्रशासकीय अधिकृत | ...श चन्द्र श्रेष्ठ<br>...र प्रमुख |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

अनुसूची ३

दफा ५ (क) सँग सम्बन्धित

**लाभग्राहीले दिने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
कटारी नगरपालिकाको कार्यालय,
कटारी ,उदयपुर।

**विषयः सुरक्षित नागरिक आवास अनुदान सम्बन्धमा।**

म कटारी नगरपालिका ......... नं. वडा ..................... टोलमा स्थायी बसोबास गरिरहेको र मेरो आर्थिक अवस्था कमजोर रहेको हुँदा घरको छाना खर/फुस/परलबाट छाएको छ, तसर्थ नगरपालिकाबाट उपलब्ध गराइने सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गराई मेरो किता नम्बर .............. को .......................... क्षेत्रफलमा रहेको घर जस्तापाताले छाउनका लागि अनुदान रकम उपलब्ध गराइदिनु हुन निवेदन गर्दछु।

संलग्न कागजातहरू (भएकोमा मात्र चिन्ह लगाउनुहोस्):

क.नेपाली नागरिकताको प्रतिलिपि ।

ख.विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

ग. जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफू विगत देखि स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको खर/फुस/परालबाट छाएको भन्ने सम्बन्धित वडाको लाभग्राही सिफारिस पत्र ।

निवेदक

नामथरः ........................

हस्ताक्षरः

मितिः .................

सम्पर्क नम्बरः ................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले

राजन थापा

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख